# स्थानीय राजपत्र

**बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित**

**खण्ड १ बुटवल, फाल्गुण २९ गते, २०७४ साल संख्या ५**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ

## भाग ३

### <u>आयोजनाको जांचपास तथा फरफारक कार्य सम्बन्धी कार्यविधि – २०७४</u>

बुटवल उपमहानगरपालिकाको स्वीकृत बार्षिक बजेट, नीति तथा कार्यक्रम अर्न्तगत नगर कार्यपालिकाको कार्यालय र उपभोक्ता समिति, निर्माण ब्यवसायी तथा अन्य संघ संस्थाहरु विच योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न तोकिएको कार्ययोजना र अवधि भित्र सम्पन्न गर्ने गरी सम्झौता हुने हुन्छ । सम्झौता बमोजिम उपभोक्ता समिति, निर्माण ब्यवसायी तथा संघ संस्थाहरुले आयोजनाको कार्य सम्पन्न भएको लिखित निवेदन र प्रतिवेदन पेश गर्नुपर्ने हुन्छ । प्रतिवेदन प्राप्त भए पश्चात सम्बन्धित प्राविधिक/कर्मचारीबाट स्थलगत निरीक्षण गरी योजना तथा कार्यक्रमहरुको मूल्याङ्कन गर्ने र सार्वजनिक परीक्षणको प्रतिवेदन पेश गरेको आधारमा सार्वजनिक खरिद नियमावली २०६४ को चौथो संशोधन २०७३ को नियम ९७ को उपनियम ११ बमोजिम सम्पन्न आयोजनाहरुको जांचपास तथा फरफारक समितिद्वारा जांचपास तथा फरफारक गरी भुक्तानी प्रकृयाका लागि पेश गर्नुपर्ने छ । यसरी जांचपास तथा फरफारक गरिएका आयोजनाहरुलाई नगर सभाबाट अनुमोदन गराउनु पर्दछ । सम्पन्न आयोजनाहरुको जांचपास तथा फरफारक गर्ने कार्यलाई ब्यवस्थित र उद्देश्यमूलक बनाउन **<u>आयोजनाको जांचपास तथा फरफारक कार्य सम्बन्धी कार्यविधि –२०७४</u>** स्वीकृत गरिएको छ।

१. कार्यविधिको उद्देश्य

   क) सम्पन्न आयोजनाको पारदर्शिता गराउने ।

   ख) सम्झौता बमोजिम आवश्यक कागजातहरु निरीक्षण गर्ने ।

   ग) लागत अनुसारको प्रतिफल जांच गर्ने ।

   घ) प्रयोग भएका सामग्रीहरुको गुणस्तर मापन हेर्ने ।

   ङ) तोकिएको कार्यतालिका बमोजिम काम सम्पन्न भए/नभएको निरीक्षण गर्ने ।

२. आयोजना जांचपास तथा फरफारक सम्बन्धी ब्यवस्था

स्थानीय तहले आयोजना सम्पन्न भएको जानकारी प्राप्त भएपछि सम्बन्धित प्राविधिकहरुले पेश गरेको मूल्याङ्कन, कार्य सम्पन्न प्रतिवेदन सार्वजनिक परीक्षण प्रतिवेदन, अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन, आवश्यक बिल भर्पाई तथा बैठकका निर्णय प्रतिलिपिहरुको आधारमा जांचपास तथा फरफारक समितिले तयार गरेको विवरण बमोजिम १५ दिन भित्र आयोजनाको जांचपास तथा फरफारक गर्नुपर्नेछ ।

३. आयोजनाको जांचपास तथा फरफारक समितिबाट निर्णय भए बमोजिम अन्तिम भुक्तानीका लागि सिफारिस गरिएका आयोजनाहरुलाई भुक्तानीको प्रकृया अगाडि बढाउन सकिनेछ ।

४. जांचपास तथा फरफारक समितिबाट जांचपास गरिएका आयोजनाहरुको विवरणलाई आगामी हुने नगर सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

५. आयोजनाहरुको जांचपास तथा फरफारक समितिबाट समय समयमा भएका बैठकका निर्णयहरु निर्देशनहरु आयोजना कार्यान्वयन गर्ने गराउने निकायले पालना गर्नुपर्नेछ ।

६. नगरसभा/नगर कार्यपालिकाको बैठकबाट यस समितिलाई प्राप्त भएका नीति, निर्देशनहरु कार्यान्वयन गर्ने गराउने दायित्व यस समितिको रहनेछ ।

७. सार्वजनिक खरिद ऐन, नियमावली, प्रचलित कानून तथा स्थानीय शासन संचालन गर्न बनेका ऐन नियममा आधारित रही कार्य सम्पादन गर्नु यस समितिको कर्तब्य रहनेछ ।

८. आयोजनाको प्रकृति र लागतको आधारमा गुणस्तर परीक्षणको व्यवस्था मिलाइनेछ ।

## अनुसूची – १

जांचपास तथा फरफारकको कार्य क्षेत्र र ढांचा

क) योजनाको नाम, ठेगाना

ख) आयोजनाको किसिम

- पूर्वाधार निर्माण
- तालिम/गोष्ठी
- परामर्श सेवा
- अन्य

(ग) सञ्चालनको विधि र प्रक्रिया

- उपभोक्ता समिति
- निर्माण व्यवसायी
- परामर्शदाता
- संघ संस्था

घ) आयोजनाको सम्झौता मिति

- सम्पन गर्नुपर्ने मिति                सम्पन्न भएको मिति

ङ) योजना सम्पन्न गर्ने कार्यतालिका

- छ                छैन

च) योजनाको कुल लागत

छ) बजेटको श्रोत

- बुटवल उपमहानगरपालिका रु.                जन सहभागिता रु.
- अन्य निकाय रु.

ज) योजनाबाट लाभान्वित

- घरधुरी संख्या        जनसंख्या        महिला        पुरुष

झ) उपभोक्ता समितिको बैठक संख्या

ञ) उपभोक्ता समितिले गरेको खर्चको विवरण सार्वजनिक

- गरेको नगरेको

ट) बुटवल उपमहानगरपालिका/वडा कार्यालयबाट अनुगमन गर्ने गरेको छ/छैन ।

ठ) निर्माण कार्यको गुणस्तर परीक्षणको व्यवस्था (सम्झौतामा उल्लेख भए बमोजिम)

- गरेको गर्न आवश्यक नभएको नगरेको

ड) आयोजना स्थलमा सूचना पाटी

- राखेको नराखेको

ढ) योजना संचालनको प्रि फोटो र पोष्ट फोटो

- राखेको नराखेको

ण) योजना कार्यान्वयन गर्दा वातावरणीय पक्ष तथा फोहरमैला व्यवस्थापन

- ध्यान दिएको वास्ता नगरेको

त) आयोजना ल.ई. बमोजिम तोकिएका ईकाई र परिमाणमा सम्पन्न

- सम्पन्न भएको अधुरो रहेको

थ) योजनाको सार्वजनिक परीक्षण प्रतिवेदन

- भएको नभएको

द) योजनालाई दिगो बनाईराख्न मर्मत सम्भार कोषको व्यवस्था

- भएको नभएको

ध) सम्पन्न योजना उपभोक्ता समितिलाई हस्तान्तरण

- भएको नभएको

न) योजनाको बुटवल उपमहानगरपालिका/वडा कार्यालयबाट नियमित अनुगमन सुपरिवेक्षण र सिफारिस

- पेश भएको पेश नभएको

प) आयोजना सम्पन्न भए पश्चात सम्पूर्ण बिल भर्पाई, आवश्यक कागजातहरु पेश

- भएको नभएको

फ) उपभोक्ता समिति/निर्माण व्यवसायीलाई पेश्की, किस्ता (प्रथम, दोश्रो, तेश्रो)

- भुक्तानी गरेको भुक्तानी नगरेको

ब) अनुगमन/सुपरिवेक्षणको क्रममा दिईएको निर्देशन पालना

- गरेको नगरेको

**आज्ञाले**

प्रमाणीकरण मिति: २०७४/०६/२६

**भरत मणी पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**